बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

चरिकोट, दोलखा

## प्रस्ताव आह्वानको सूचना

**सूचना नंः २/०८१-८२**
**प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२०**

पशु सेवा कार्यालय, चरिकोट, दोलखाको आर्थिक वर्ष २०८१/०८२ मा तपसिलमा उल्लेखित स्वीकृत वार्षिक कार्यक्रमहरु संचालनका लागि दोलखा जिल्ला अन्तर्गतका ईच्छुक पशुपालक कृषक समूह/सहकारी/निजी उद्यमीले यो सूचना प्रकाशित मितिले तिस (३०) दिन (मितिः २०८१/०८/१९) भित्र निम्न कागजातहरु संग्लग्न राखी पशु सेवा कार्यालय, चरिकोट, दोलखामा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त भएका प्रस्तावलाई कार्यक्रमको लागि समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल,

| कार्यक्रम नं. | कार्यक्रमको नाम | कार्यालयको प्रति एकाई अधिकतम प्रोत्साहन रकम रु. | आवेदक | न्यूनतम मापदण्ड |
|---|---|---|---|---|
| १. | चौरी प्रवर्द्धन कार्यक्रम | ५ लाख | चौरीपालक कृषक समुह वा निजि चौरी फार्म | • समुहमा कम्तिमा पाँच जनाले चौरी पालेको हुनु पर्नेछ र समुहमा कम्तिमा तिस (३०) चौरी पालेको हुनु पर्नेछ।<br>• निजि चौरी फार्महरुले कम्तिमा १५ गोटा चौरी पालेको हुनुपर्नेछ। |
| २. | भेंडा प्रवर्द्धन कार्यक्रम | ३ लाख | भेंडापालक कृषक समुह वा निजि फार्म | • समुहमा कम्तिमा दश जनाले भेंडा पालेको हुनु पर्नेछ र प्रति सदस्य पाँच (५) वटा माउ भेंडा पालेको हुनु पर्नेछ।<br>• निजिको हकमा कम्तिमा पचास (५०) प्रजजन्न योग्य भेंडा पालेको हुनु पर्नेछ। |
| ३. | बाखापालन प्रवर्द्धन कार्यक्रम | ५ लाख | बाखापालक कृषक समुह वा निजि फार्म | • समुहमा कम्तिमा दश जनाले बाखा पालेको हुनु पर्नेछ र प्रति सदस्य पाँच (५) वटा माउ बाखा पालेको हुनु पर्नेछ।<br>• निजिको हकमा कम्तिमा पचास (५०) प्रजजन्न योग्य बाखा पालेको हुनु पर्नेछ। |
| ४. | बंगुर प्रवर्द्धन कार्यक्रम | २.५ लाख | बंगुरपालक कृषक समुह वा निजि फार्म | • समुहमा कम्तिमा दश जनाले बंगुर पालेको हुनु पर्नेछ र प्रति सदस्य तीन (३) वटा माउ बंगुर पालेको हुनु पर्नेछ।<br>• निजिको हकमा कम्तिमा बीस (२०) प्रजजन्न योग्य बंगुर पालेको हुनु पर्नेछ। |

डा. ओम बहादुर जिरेल
कार्यालय प्रमुख

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

चरिकोट, दोलखा

| कार्यक्रम नं. | कार्यक्रमको नाम | कार्यालयको प्रति एकाई अधिकतम प्रोत्साहन रकम रु. | आवेदक | न्यूनतम मापदण्ड |
|---|---|---|---|---|
| ५. | पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | १ लाख | दुग्ध उत्पादक सहकारी संस्था वा निजि फार्म | • सूचना प्रकाशको मितिमा स्थापना भएको कम्तिमा एक (१) वर्ष पुरा भई दैनिक एक सय (१००) लिटर दूध संकलन गरेको हुनु पर्नेछ।<br>• आवेदक संस्थामा आवद्ध कृषक (निजि फार्मको हकमा समेत) ले दैनिक कम्तिमा आठ (८) लिटर दूध बिक्रि गरेको हुनुपर्ने।<br>• पशुको अनिवार्य बिमा हुनुपर्ने। |
| ६. | दूध उत्पादन वृद्धि (दुध जोन कार्यक्रम) | ७५ हजार | निजि फार्म | • यो कार्यक्रम दोलखा जिल्लाको **भीमेश्वर न.पा., कालिञ्चोक गा.पा., गौरीशंकर गा.पा., तामाकोशी गा.पा., मेलुङ गा.पा. र बैतेश्वर गा.पा.** मा मात्र संचालन हुने हुँदा उल्लेखित स्थानीय तहका कृषकहरु हुनु पर्नेछ।<br>• दैनिक कम्तिमा १० लिटर दूध उत्पादन गरेको हुनु पर्नेछ।<br>• पशुको अनिवार्य बिमा हुनुपर्ने। |
| ७. | स्थानीय जातका असला माछा प्रवर्द्धन तथा संरक्षण कार्यक्रम | ५० हजार | कृषक समूह/निजि फार्म | • आवेदक सँग माछापालनका लागि कम्तिमा १ रोपनी जग्गा हुनुपर्नेछ।<br>• स्थायी सफा अनि वर्ष भरि उपलब्ध हुने भरपर्दो पानीको श्रोत हुनु पर्नेछ। |
| ८. | करेसा पोखरीमा कार्प जातको माछापालन | ५० हजार | कृषक समूह/निजि फार्म | • आवेदक सँग माछापालनका लागि कम्तिमा १ रोपनी जग्गा हुनुपर्नेछ।<br>• स्थायी सफा अनि वर्ष भरि उपलब्ध हुने भरपर्दो पानीको श्रोत हुनु पर्नेछ। |
| ९. | पशु आहारा आत्मनिर्भर कार्यक्रम | | | |
| ९.१ | पशु आहाराको पौष्टिक गुण सुधार तथा अभिबृद्धि | २० हजार | कृषक समूह/कृषि सहकारी/निजि फार्म | • आवेदकले कम्तिमा ५ वटा दुहुना गाई/भैंसी पालेको हुनुपर्ने। |
| ९.२ | घाँस तथा घाँसेबाली विकास/बिस्तार | | | |
| ९.२.१ | क्षेत्रफलमा आधारित घाँसे बाली विकास तथा विस्तारका लागि प्रोत्साहन कार्यक्रम | हिउँदे/एकवर्षीय घाँसका लागि प्रति हेक्टर रु. २० हजार र बहुवर्षीय घाँसका लागि प्रति हेक्टर रु. ४० हजार | कृषक समूह/कृषि सहकारी/निजि फार्म | |

डा. ओम बहादुर जिरेल
कार्यालय प्रमुख

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

चरिकोट, दोलखा

| कार्यक्रम नं. | कार्यक्रमको नाम | कार्यालयको प्रति एकाई अधिकतम प्रोत्साहन रकम रु. | आवेदक | न्यूनतम मापदण्ड |
|---|---|---|---|---|
| ९.२.२ | घाँसको स्रोत केन्द्र स्थापना | ३ लाख | निजि फार्म | • घाँस खेतिको लागि न्युनतम १ हेक्टर जग्गा उपलब्ध हुनुपर्नेछ।<br>• जग्गा लिजमा लिएको हकमा सूचना प्रकाशनको मितिले कम्तिमा ५ वर्षको लिज अवधि बाँकी रहेको हुनुपर्ने। |

**<u>आवेदन साथ संगलग्न गर्नुपर्ने कागजातहरु</u>**

१) कार्यविधिको* अनुसूची-२ बमोजिम रु. दश (१०) को हुलाक टिकट टाँस गरेको आवेदन, अनुसूची-४ बमोजिमको कार्ययोजना, अनुसूची-५ बमोजिमको स्व-घोषणा पत्र, अनूसुची -६ बमोजिमको कार्यस्थान खुल्ने नक्सा।

२) कार्यक्रम नं. ५ (पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम) को हकमा अनुसूची-१४ बमोजिमको विवरण।

३) असल पशुपालन अन्भ्यास कार्यक्रमका लागि अनुसूची १४ बमोजिमको विवरण।

४) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि।

५) कृषक समूह/सहकारी/निजि उद्यमी दर्ता र PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि।

६) आ.व. २०८०/८१ को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा अन्य कुनै प्रमाणित कागज।

७) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा पाँच (५) वर्षको करार सम्झौता पत्र।

८) कार्यक्रममा सहभागी गराई दिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस (पशु सेवा शाखाबाट पशुपन्छीको संख्या समेत खुलाउनु पर्ने)।

**९) कृषक समूह/सहकारीको हकमा मात्र लागु हुने विषयः**

९.१ कार्यक्रममा सहभागी हुने विषय तथा कार्यक्रममा सहभागी हुने कृषकहरु छनौट सम्बन्धि कृषक समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि।

९.२ कृषक समूह/सहकारीको हकमा आ.व. २०८०/८१ को साधारण सभाको बैठक निर्णय प्रतिलिपि।

९.३ आवेदन प्रक्रियाका लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई दिइएको अख्तियारी पत्र।

**पुनश्चः**

१) **<u>कार्यालयले उपलब्ध गराउने प्रोत्साहन रकमको हिस्साः</u>** पुँजीगत प्रकृतिका कृषि पूर्वाधार निर्माण (जस्तैः गोठ, खोर आदि) को हकमा एवं प्रविधि जडानका/स्थापनाका लागि कुल लागतको बढीमा ८० प्रतिशत र चालु प्रकृतिका उत्पादन सामाग्री खरिदमा बढीमा ५० प्रतिशत रहनेछ।

२) *<u>एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१</u> यस पशु सेवा कार्यालय, चरिकोट, दोलखाको वेवसाइट **<u>https://vetdolakha.gov.np/</u>** बाट डाउनलोड गरी हेर्न सकिनेछ।

डा. झोम बहादुर जिरेल
कार्यालय प्रमुख